# प्रि-के / किण्डरगार्टन तयारी वस्तुसूची सामग्री

## 1. विद्यार्थीले आमाबुवाबाट अलग हुँदा सकारात्मक प्रतिक्रिया दिन्छन् ।

*** ELL / DLL विद्यार्थीले व्यवहारजन्य संकेतकहरू उनीहरूले बोल्ने मुख्य भाषामा वा गैर-भाषिक रणनीति मार्फत देखाउन सक्छन्

यसको लक्ष्य विद्यार्थी आमाबुवाबाट टाढा एक्लै रहन सक्छन् कि सक्दैनन् भनेर पत्ता लगाउने हो ।

a. आमाबुवालाई आफ्ना छोराछोरी उनीहरूबाट अलग हुँदा सकारात्मक प्रतिक्रिया दिन्छन् जस्तो लाग्छ कि लाग्दैन भनी उनीहरूको धारणा माग्नुहोस् ।
b. परिवारका सबै सदस्यहरूलाई (विद्यार्थी बाहेक) उठेर अर्को तिर जान भन्नुहोस् (जहाँ विद्यार्थीहरूले उनीहरूलाई देख्न सक्दैनन्)। वा विद्यार्थीलाई आफूसँग अर्को स्थानमा लाने प्रयास गर्नुहोस् (जहाँ विद्यार्थीले उनीहरूलाई देख्न सक्दैनन्)।
c. यदि आवश्यक परेमा विद्यार्थीलाई अल्मल्याउनुहोस् - हसाउनुहोस्, ठट्टा गर्नुहोस्, बच्चाको ध्यान खिच्नुहोस् । विद्यार्थीलाई उनको नाम बताउन भन्नुहोस् ? विद्यार्थीलाई उनको उमेर सोध्नुहोस् ?
d. विद्यार्थीले कसरी जवाफ दिन्छन् हेर्नुहोस् ।

| | | | | |
|---|---|---|---|---|
| **प्राप्ताङ्क** | ☐ **अझै सक्दैनन्**<br>गाह्रो गरी अलग हुन्छन् (रुन्छन्, जान वा बस्न मान्दैनन्, झगडा गर्छन्)। | ☐ **प्रगति उन्मुख छ**<br>लाज मान्न वा छोटो समयको लागि रुन सक्छन् । | ☐ **सक्छन्**<br>सहज रूपमा खुसी साथ अलग हुन्छन् । | ☐ **लागू नहुने**<br>कौशल तह निर्धारण गर्न नसकिने । |
| **टिपोटहरू** | **उदाहरणहरू**<br>विद्यार्थी रुन सुरु गर्छन् ।<br>विद्यार्थी आफ्नो परिवार भएतिर दौडिन्छन् ।<br>विद्यार्थीले कुनै प्रश्नको जवाफ दिन मान्दैनन् । | **उदाहरणहरू**<br>विद्यार्थी दु:खी छन् तर वयस्कलाई सान्त्वना दिन अनुमति दिन्छन् ।<br>विद्यार्थीले प्रश्नहरूको उत्तर दिन्छन् । | **उदाहरणहरू**<br>विद्यार्थीले अलग हुँदा कुनै पनि प्रतिक्रिया दिँदैनन् ।<br>विद्यार्थीलाई सहज लाग्छ ।<br>विद्यार्थीले प्रश्नहरूको उत्तर दिन्छन् । | **उदाहरण/व्याख्या गर्नुहोस्**<br>विद्यार्थीलाई कहिल्यै आमाबुवाबाट छुट्ट्याएको छैन । |

## 2. विद्यार्थीले प्रत्यक्ष परिवारका सदस्यहरू र तिनका विशेषताहरू पहिचान गर्दछन् ।

*** ELL / DLL विद्यार्थीले व्यवहारजन्य संकेतकहरू उनीहरूले बोल्ने मुख्य भाषामा वा गैर-भाषिक रणनीति मार्फत देखाउन सक्छन्

*** यस सूचकलाई संलग्न सामग्री ङ ले समर्थित छ: मेरो परिवार (पेज 49)

यसको लक्ष्य उनको प्रत्यक्ष परिवारका सदस्यका 3 "विशेषताहरू" को पहिचान गर्नु हो ।

- जन्मँदाको नाम / आधिकारिक नाम / उपनाम (भिक्टर, जस, मारिया, ब्रेण्डा) - नाम, थर, र उपनाम महत्वपूर्ण हुन्छ ।
- पारिवारिक सम्बन्ध (ममी, आमा, ड्याडी, बुबा, दिदीबहिनी (हरू), दाजुभाइ(हरू), भतिजा, कजन, भतिजी, काका, काकी, आदि)
- परिवारका सदस्यको एक विशेषता (उमेर, काम, रुचि, मनपर्ने खाना, पेय, वा क्रियाकलाप आदि)। बच्चाले परिवारका कुनै पनि एक सदस्यको रूपमा गणना गर्न सक्दछन् ।

a. विद्यार्थीलाई उनको प्रत्यक्ष परिवारका सदस्यहरू चिन्न लगाउनुहोस् । यदि उनीहरू कोठामा छन् भने, विद्यार्थीलाई उनीहरूलाई औँल्याउन र उनीहरूको नाम भन्न लगाउनुहोस् । यदि परिवारको तस्बिर छ भने त्यो प्रयोग गर्नुहोस् ।
b. निम्नलाई प्रत्यक्ष परिवारका सदस्यहरू मानिन्छ: आमा, बाबु, दिदीबहिनी, दाजुभाइ र घरपालुवा जनावरहरू ।

c. विद्यार्थीले परिवारका हरेक सदस्यको नाम (आधिकारिक नाम र/वा उपनाम; भिक्टर, जस, मारिया, ब्रेन्डा) र उनीहरूको पारिवारिक सम्बन्ध (आमा, बाबु, दिदीबहिनी, आदि) बताउने सुनिश्चित गर्नुहोस् ।
d. विद्यार्थीलाई प्रत्येक सदस्यको बारेमा जानेको केही कुरा बताउन लगाउनुहोस् (उमेर - उनीहरूले के काम गर्छन् - रुचि, मन पर्ने खाना वा पेय वा क्रियाकलाप)।

| | | | | |
|---|---|---|---|---|
| **प्राप्ताङ्क** | ☐ **अझै सक्दैनन्**<br>परिवारको सदस्यका तीन मध्ये एक पहिचान बताउँछन् । | ☐ **प्रगति उन्मुख छ**<br>परिवारको सदस्यका तीन मध्ये दुई पहिचान बताउँछन् । | ☐ **सक्छन्**<br>परिवारको सदस्यका तीन मध्ये तीनै पहिचान बताउँछन् । | ☐ **लागू नहुने**<br>कौशल तह निर्धारण गर्न नसकिने |
| **टिपोटहरू** | **उदाहरणहरू** विद्यार्थीले आफ्ना प्रत्यक्ष परिवारका सदस्यहरूलाई पहिचान गर्न सक्दैनन् ।<br>विद्यार्थीले नाम (हरू) गलत बताउँछन् । | **उदाहरणहरू** विद्यार्थीले आफ्ना आमाबाबु र सहोदर दाजु/भाइ/दिदी/बहिनी चिन्न सक्छन् तर आफू र अरू बीचका समानता र भिन्नताको बारेमा चर्चा गर्न सक्दैनन् । म भिक्टर हुँ, उनी मेरी दिदी हुन् । | **उदाहरणहरू** मेरो नाम इला हो र मेरो भाइ जिमीलाई ट्रक मनपर्छ, मलाई कारहरू मनपर्छ ।<br>उहाँ मेरा बुवा कोल हुनुहुन्छ, उहाँ वृद्ध हुनुहुन्छ, र यो मेरो बिरालो, स्पट हो, उसलाई मेरो दूध खान मनपर्छ । | **उदाहरण/व्याख्या गर्नुहोस्ः** |

## 3. विद्यार्थीले सामान्य झगडा पहिचान गर्छन् र तिनलाई स्वतन्त्र रूपमा हल गर्दछन् ।

✧ *** ELL/DLL विद्यार्थीले व्यवहारजन्य संकेतकहरू उनीहरूले बोल्ने मुख्य भाषामा वा गैर-भाषिक रणनीति मार्फत देखाउन सक्छन् ।

◯ *** यो सूचक परिवारले पनि बताउन सक्छन् ।

☆ *** यस सूचकलाई संलग्न सामग्री च द्वारा समर्थित छः द्वन्द्व समाधान रणनीति (पेज 50)

यसको लक्ष्य विद्यार्थीले द्वन्द्व हल गरुन् र अरूको आवश्यकतालाई ध्यान दिउन् भन्ने हो ।
a. यदि सम्भव भएमा, अन्य बालबालिकाहरू (वा परिवारका सदस्यहरू) सँग अन्तरक्रिया गर्दा विद्यार्थीको अवलोकन गर्नुहोस् ।
b. यदि सम्भव छैन भने यस सूचकको बारेमा परिवारबाट जानकारी लिनुहोस् ।
c. सहोदर दाजु/भाइ/दिदी/बहिनी बीचमा सामान्यतया कुनै चिजको बारेमा झगडा पर्ने गर्छ ।

| | | | | |
|---|---|---|---|---|
| **प्राप्ताङ्क** | ☐ **अझै सक्दैनन्**<br>विवादको सामना गर्दा, आफ्नै आवश्यकता र इच्छा व्यक्त गर्दछन्, तर सम्भावित समाधान निकाल्न मद्दत चाहिन्छ । | ☐ **प्रगति उन्मुख छ**<br>विवादका सरल समाधानहरू सुझाउँछन् जुन प्रायः आफ्नै आवश्यकता र इच्छाहरूमा आधारित हुन्छन् । | ☐ **सक्छन्**<br>आफ्ना र अरूका आवश्यकता र इच्छालाई विचार गरेर विवादको समाधान सुझाउँछन् । | ☐ **लागू नहुने**<br>कौशल तह निर्धारण गर्न नसकिने |
| **टिपोटहरू** | **उदाहरणहरू** | **उदाहरणहरू** | **उदाहरणहरू** | **उदाहरणहरू / व्याख्या** |

| | | | | |
|---|---|---|---|---|
| | विद्यार्थीले आफ्नो परिवारलाई हेरेर मलाई मेरो किताब चाहियो भनेर चिच्याउँछन् ।<br>विद्यार्थीले आफ्नो चिज फिर्ता पाउन सहयोग माग्न वयस्क व्यक्तिलाई खोज्छन् ।<br>विद्यार्थी रिसाउँछन्, आक्रामक वा दुःखी हुन्छन् । | विद्यार्थीले आफ्ना शब्दहरू प्रयोग गर्छिन्ः "अब त्यो किताब पढ्ने मेरो पालो । तिमीले पढिसकेपछि मलाई देऊ ।"<br>विद्यार्थीले आफूसँग भएको अर्को वस्तु दिएर किताब वा मार्कर लिने प्रयास गर्दछन् ।<br>"यदि मलाई पहिला प्रयोग गर्न दिने हो भने लाऊ मेरो विशेष सिसाकलम प्रयोग गर्न सक्छौ ।" | विद्यार्थीले 5 मिनेटमा उक्त चिज माग्छन् ।<br>अरू बहस गरिरहेको बेला विद्यार्थीले हस्तक्षेप गरेर उनीहरूलाई रोक्न लगाउँछन् ।<br>विद्यार्थीले आफ्ना शब्दहरू प्रयोग गर्छन्ः "म त्यो किताब एकदम चाहिएको छ - हामी सँगै पढौँ न ? - हामी सँगै रङ भर्ने हो ?" | **गर्नुहोस्ः** |

## 4. विद्यार्थीले नियमहरू स्विकार्छन् र विशिष्ट नियमहरू हुनुका कारण बारे छलफल गर्छन् ।

*** ELL / DLL विद्यार्थीले व्यवहारजन्य संकेतकहरू उनीहरूले बोल्ने मुख्य भाषामा वा गैर-भाषिक रणनीति मार्फत देखाउन सक्छन्

*** यो सूचक परिवारले पनि बताउन सक्छन् ।

यसको लक्ष्य विद्यार्थीले असुरक्षित परिस्थिति पहिचान गरून् र निश्चित नियम के र किन लागू गरिएका छन् भन्ने कुरा बताउन सकून् भन्ने हो ।

a. वयस्क व्यक्ति उपस्थित हुँदा, र विद्यार्थीले असुरक्षित स्थिति सिर्जना गर्दा नियमहरू लागू गर्दा देखाउने प्रतिक्रिया अवलोकन गर्नुहोस् ।
b. सम्भव भएमा, विद्यार्थी अरूसँग (बालबालिका, परिवारका सदस्यहरू आदि) अन्तरक्रिया गर्दा यो व्यवहार अवलोकन गर्नुहोस् ।
c. यदि सम्भव छैन भने यस सूचकको बारेमा परिवारबाट जानकारी लिनुहोस् ।

| **प्राप्ताङ्क** | ☐ **अझै सक्दैनन्**<br>नियमहरूको सामना गर्दा, उनी आफ्नो प्रतिक्रियालाई नियन्त्रण गर्न सक्दैनन् र रुने, नमान्ने वा अनेक झगडा गर्ने गर्छन् । | ☐ **प्रगति उन्मुख छ**<br>नियमहरूको सामना गर्दा, नियम पालना गर्नको लागि सहयोग चाहिन्छ । | ☐ **सक्छन्**<br>नियमहरू प्रति उचित प्रतिक्रिया जनाउँछन् र यी नियमहरू हुनुका कारण व्याख्या गर्न सक्छन् । | ☐ **लागू नहुने**<br>कौशल तह निर्धारण गर्न नसकिने |
|---|---|---|---|---|
| **टिपोटहरू** | **उदाहरणहरू**<br>विद्यार्थी दौडिन्छन् र खुट्टाले हिँड भन्दा, र दौडिरहन्छन् वा भावनाहरू प्रकट गर्छन् ।<br>बाहिर चिसो भएकोले विद्यार्थीले बाहिर | **उदाहरणहरू**<br>विद्यार्थी फर्निचरमा चढ्न खोज्छन्, र जब दुइटै खुट्टा जमीनमा राख भन्दा, तल झर्छन् । 10 मिनेट पछि त्यही नियम सम्झाउनुपर्ने हुन्छ । | **उदाहरणहरू**<br>विद्यार्थीले अरूलाई फूटपाथमा हिँड्न र सडकमा नहिँड्न भन्छन् ।<br>विद्यार्थीले त्यत्तिकै लड्न पनि सक्ने भएकोले तपाईंलाई कुर्सीमा बस्न भन्छन् । | **उदाहरणहरू / व्याख्या गर्नुहोस्ः** |

| | | | | |
|---|---|---|---|---|
| | जानुभन्दा अगाडी ज्याकेट लगाऊ भन्दा मान्दैनन् ।<br>विद्यार्थीले वयस्कहरूले तय गरेका सीमाहरू जाँच गर्छन् । | विद्यार्थीलाई उनीहरूका नियम पालना गर्न सम्झाइरहनुपर्ने हुन्छ । | विद्यार्थीले नियम पालना गर्छन् र ती नियम लागू गर्नुका कारण अरूलाई (सहोदर दाजु/भाइ/दिदी/बहिनीलाई) बताउन सक्छन् । | |

**5. विद्यार्थीलाई आफ्नो नाम, थर, पूरा नाम र उमेर थाहा छ, र केही अक्षरहरू र आवाजलाई आफ्नो नामसँग सम्बद्ध गर्न सक्छन् ।**

△ ***यस सूचकको लागि ELL/DLL विद्यार्थीलाई उनीहरूको अङ्ग्रेजी प्रवीणतामा स्कोर गर्नुपर्छ ।

☆ *** यस सूचकलाई संलग्न सामग्री G द्वारा समर्थित छः नाम ।

यसको लक्ष्य विद्यार्थीले आफ्नो व्यक्तिगत विवरण भन्न सकून् र अङ्ग्रेजी वर्णमालाको कम्तीमा 2 अक्षर चिन्न सकून् भन्ने हो ।

a. अङ्ग्रेजी र उनको मातृभाषामा (यदि आवश्यक भएमा) प्रश्नहरू सोध्दा, उनका जवाफहरू ठूलो सेतो कागजमा लेख्नुहोस् । तपाईंले विद्यार्थीलाई त्यही गर्न लगाउन सक्नुहुन्छ - उनको जवाफ छुट्टै ठूलो सेतो कागजमा लेख्ने ।
b. सोध्नुहोस्, तिम्रो नाम के हो ? नाम लेख्नुहोस् । नाम वा वा उपनाम सही हुन्छ ।
c. तिम्रो थर के हो ? नाम लेख्नुहोस् । विद्यार्थीको थर परिवारका अन्य सदस्यको भन्दा फरक हुन सक्छ ।
d. तिम्रो उमेर कति भयो ? विद्यार्थीको उमेर अङ्कमा लेख्नुहोस् ।
e. आफ्नो (र उनको) कागज हेर्नुहोस्, विद्यार्थीलाई आफ्नो नाम हिज्जे गर्न भन्नुहोस् र विद्यार्थीले दुई अक्षरहरू चिनेर बताउन सक्छन् कि सक्दैनन्, हेर्नुहोस् ।

| **प्राप्ताङ्क** | ☐ **अझै सक्दैनन्** | ☐ **प्रगति उन्मुख छ** | ☐ **सक्छन्** | ☐ **लागू नहुने** |
|---|---|---|---|---|
| | सोधिएका चार वटा सूचनामध्ये एउटा सही रूपमा पहिचान गर्छन् । | सोधिएका चार वटा सूचनामध्ये दुइटा सही रूपमा पहिचान गर्छन् । | सोधिएका चार वटा सूचनामध्ये चारै वटा सही रूपमा चिन्छन्, चाहे मौखिक होस् वा गैर-मौखिक रूपमा होस् । | कौशल तह निर्धारण गर्न नसकिने |

| **टिपोटहरू** | **उदाहरणहरू** | **उदाहरणहरू** | **उदाहरणहरू** | **उदाहरणहरू / व्याख्या गर्नुहोसः** |
|---|---|---|---|---|
| | विद्यार्थीले आफ्नो नाम (र/वा उपनाम) सही बताउँछन्, तर थर र उमेर गलत बताउँछन् । | विद्यार्थीले आफ्नो नाम सही बताउँछन् र आफ्नो उमेर बताउन सही संख्यामा औँलाहरू उठाउँछन् । | विद्यार्थीले सही नाम बताउँछन् ।<br>विद्यार्थीले सही थर बताउँछन् ।<br>विद्यार्थीले सही उमेर बताउँछन् ।<br>विद्यार्थीले आफ्नो नामका कम्तीमा दुई अक्षर दृश्यात्मक वा मौखिक रूपमा चिनेर बताउँछन् । | |

△ **6. विद्यार्थीले अङ्क र अक्षरहरू छुट्ट्याउँछन् ।**

☆ ***यस सूचकको लागि ELL/DLL विद्यार्थीलाई उनीहरूको अङ्ग्रेजी प्रवीणतामा स्कोर गर्नुपर्छ ।

*** यस सूचकलाई संलग्न सामग्री H द्वारा समर्थित छः वर्णमाला र अङ्क कार्डहरू ।

यसको लक्ष्य विद्यार्थीले केही अक्षर र संख्या अलग गरेर बताउन सकून् भन्ने हो । सबै मिसाएर राखिएको वर्णमाला र अङ्क कार्डहरू प्रयोग गर्नुहोस् ।

a. खातबाट कार्ड लिनुहोस् र विद्यार्थीलाई यो अक्षर हो कि अङ्क हो भनेर सोध्नुहोस् ? अनिश्चित जवाफहरूको गणना नगर्नुहोस् । मलाई लाग्छ यो दुई हो - के यो दुई हो ?
b. त्यसपछि विद्यार्थीले (तपाईंको सहयोगमा) दुई खात बनाउँछन् । एउटा अङ्कहरूको लागि र अर्को अक्षरहरूका लागि ।
c. विद्यार्थीलाई प्रत्येक अक्षर र/वा अङ्क बताउन भन्नुहोस् । यदि विद्यार्थीलाई थाहा नभएमा सो अक्षर वा अङ्क छोडेर अर्कोमा जान सक्छन् ।

| प्राप्ताङ्क | ☐ **अझै सक्दैनन्**<br>केही अक्षर र केही अङ्कहरू चिन्दछन् । | ☐ **प्रगति उन्मुख छ**<br>केही अक्षर र केही अङ्कहरू चिन्दछन्, तथापि केही अक्षर वा अङ्क मात्र बताउन सक्छन् । | ☐ **सक्छन्**<br>बच्चाले केही अक्षर र केही अङ्कहरू चिनेर भन्न सक्छन् । | ☐ **लागू नहुने**<br>कौशल तह निर्धारण गर्न नसकिने |
|---|---|---|---|---|
| टिपोटहरू | **उदाहरणहरू**<br>विद्यार्थीले अक्षर र संख्याहरू बीच धेरै गल्ती गर्दछन् ।<br>विद्यार्थीले अक्षर वा अङ्कलाई अङ्ग्रेजीमा भन्न सक्दैनन् ।<br>विद्यार्थीले धेरै अङ्कलाई एकै अङ्क बताउँछन् ।<br>विद्यार्थीले सहयोग माग्छन्: मलाई लाग्छ यो चार हो ? के यो पाँच हो ? के यो ...? | **उदाहरणहरू**<br>विद्यार्थीले अक्षर वा नम्बरलाई सही बताउँछन् तर तिनलाई फरक कार्डसँग मेल खुवाउँछन् ।<br>विद्यार्थीले "H" अक्षर पहिचान गर्छन् र मेरो नाम "H" बाट सुरु हुन्छ भन्छन् र H ध्वनि निकाल्छन् तर कार्ड संख्याहरूसँग राख्छन् । | **उदाहरणहरू**<br>विद्यार्थीले कार्डहरू 0, 2, 3, 1 सँग सही खातमा राख्दछन् र अङ्ग्रेजीमा अङ्कहरूको सही उच्चारण गर्दछन् ।<br>विद्यार्थीले a, b, c, d, e, f, h, k र p अक्षरहरू भन्छन् र ती अक्षर भएको स्वीकार गर्दछन् । | **उदाहरणहरू / व्याख्या गर्नुहोस्ः** |

## ✧ ○ ☆ 7. विद्यार्थीले अगाडीको आवरण, पछाडीको आवरण र पुस्तकको शीर्षक पहिचान गर्दछन् - पाठ संरचनाको ज्ञान प्रदर्शन गर्दै ।

*** ELL/DLL विद्यार्थीले व्यवहारजन्य संकेतकहरू उनीहरूले बोल्ने मुख्य भाषामा वा गैर-भाषिक रणनीति मार्फत देखाउन सक्छन् ।

*** यो सूचकमा परिवारले जानकारी प्रदान गर्न सक्छन् ।

*** यस सूचकलाई संलग्न सामग्री I द्वारा समर्थित छः पुस्तकका भागहरू ।

यसको लक्ष्य विद्यार्थीले पुस्तकको सही स्थिति, पुस्तकको अगाडी र पछाडीको आवरण पहिचान गर्न सकून् भन्ने हो ।

a. विद्यार्थीलाई पुस्तक रोज्न वा तपाईंले रोज्नुभएको पुस्तक प्रयोग गर्न दिनुहोस् । भन्नुहोस्, "आज हामी सँगसँगै किताब पढ्दैछौँ ।"
b. विद्यार्थीलाई किताब उँधो र पछाडी फर्काएर दिनुहोस् । विद्यार्थीले कसरी प्रतिक्रिया गर्छन् हेर्नुहोस् ।
c. विद्यार्थीलाई किताब पढ्न भन्नुहोस् र विद्यार्थीले शब्दहरू बायाँ देखि दायाँ दिशामा पछ्याउँछन् कि के गर्छन्, हेर्नुहोस् ।
d. विद्यार्थीलाई पुस्तकको आवरण, पछाडीको आवरण र शीर्षकको स्थान सोध्न किताबको प्रयोग गर्नुहोस् ।
e. विद्यार्थीलाई उनले देख्छन् भनेर सोध्नुहोस् ।

| प्राप्ताङ्क | ☐ **अझै सक्दैनन्** | ☐ **प्रगति उन्मुख छ** | ☐ **सक्छन्** | ☐ **लागू नहुने** |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | पुस्तकमा कुनै रुचि देखाउँदैनन् । | किताब चलाउने सुरुवाती सीप प्रयोग गर्दछन् । | पाठमा संलग्न हुन पुस्तकका भागहरू (शीर्षक, अगाडीको आवरण, पछाडीको आवरण) प्रयोग गर्दछन् । | कौशल तह निर्धारण गर्न नसकिने |
| **टिपोटहरू** | **उदाहरणहरू**<br>विद्यार्थीले पुस्तक उँधोपट्टि फर्काएर समाउँछन् ।<br>विद्यार्थीले पढेको बहाना गर्दैनन् ।<br>विद्यार्थीलाई शीर्षक दिँदा परिचित पाठ पत्ता लगाउँछन् । | **उदाहरणहरू**<br>विद्यार्थीले अगाडीको आवरण, र पछाडीको आवरण पहिचान गर्न सक्छन्, तर पाठको ढाँचा बुझेको देखिँदैन ।<br>विद्यार्थीले सही तरिकाले पुस्तक पक्रन्छन् तर शब्द ट्र्याकिङमा संलग्न हुँदैनन् ।<br>विद्यार्थीले कथा पढेको बहाना गर्दै बायाँदेखि दायाँ दिशातिर शब्दहरू औँल्याउँछन् । | **उदाहरणहरू**<br>विद्यार्थीले एउटा बिरालो भएको आवरणमा औँल्याउँदै भन्छन्, "हेर, मसँग बिरालो पनि छ" ।<br>विद्यार्थीले एक साथीलाई सुनेको कथा पाठ चित्रहरू प्रयोग गर्दै सुनाउँछन् । | **उदाहरणहरू / व्याख्या गर्नुहोस्ः** |

## 8. विद्यार्थीले तस्बिरको सहायता लिँदै सरल अनुक्रम दोहोऱ्याउँछन् ।

*** ELL/DLL विद्यार्थीले व्यवहारजन्य संकेतकहरू उनीहरूले बोल्ने मुख्य भाषामा वा गैर-भाषिक रणनीति मार्फत देखाउन सक्छन् ।

*** यस सूचकलाई संलग्न सामग्री J द्वारा समर्थित छः अनुक्रम चित्र कार्डहरू ।

यसको लक्ष्य विद्यार्थीले चित्रहरू हेरेर सही क्रम बताउन सकून् भन्ने हो ।

a. उपलब्ध गराइएको अनुक्रम वर्कसिटहरू प्रयोग गर्नुहोस् ।
b. विद्यार्थीलाई उनीहरूले पहिले के भयो भनेर व्याख्या गर्नुपर्छ भनेर बुझाउनुहोस् ।
c. यदि विद्यार्थी हिच्किचाए र सहयोग मागे भने, तपाईंले एउटा उदाहरण सँगसँगै गर्न सक्नुहुन्छ । पौडी खेल्न गएको बिरालोको उदाहरण प्रयोग गर्नुहोस् ।
d. यदि विद्यार्थीलाई कठिनाइ भइरहेको छ भने, तपाईंले उही उदाहरण फेरि व्याख्या गर्न सक्नुहुन्छ । के राम्रो छ वा छैन भनेर संकेत, सुझाव वा पुष्टीकरण नदिनुहोस् ।
e. यो अभ्यास गर्न विद्यार्थीलाई कुल 5 मिनेट दिनुहोस् । 5 मिनेट नसकिएसम्म उनीहरूले क्रम परिवर्तन गर्न सक्दछन् । भनेको तपाईंले सही क्रमहरू गनेपछि ।

| | | | | |
|---|---|---|---|---|
| **प्राप्ताङ्क** | ☐ **अझै सक्दैनन्**<br>4 वा कम सही क्रमहरू बताउँछन् । | ☐ **प्रगति उन्मुख छ**<br>5 देखि 8 वटा बिचका सही क्रमहरू बताउँछन् । | ☐ **सक्छन्**<br>9 वा सोभन्दा बढी सही क्रमहरू बताउँछन् । | ☐ **लागू नहुने**<br>कौशल तह निर्धारण गर्न नसकिने |
| **टिपोटहरू** | **उदाहरणहरू**<br>विद्यार्थीले के गर्ने भनेर बुझ्दैनन् (उनको मुख्य भाषामा पनि)।<br>विद्यार्थीले तस्बिरहरूका बारेमा विस्तृत विवरणहरू बताउँछन् तर तिनलाई सही क्रममा मिलाएर राख्न सक्दैनन् । | **उदाहरणहरू**<br>विद्यार्थीले 5, 6, 7, वा 8 सही क्रमहरू पूरा गर्न सक्दछन् ।<br>विद्यार्थीले तस्बिरहरूका बारेमा कथाहरू भन्छन् र तीमध्ये केहीलाई सही क्रममा मिलाएर राख्छन् । | **उदाहरणहरू**<br>विद्यार्थीले 9, 10, वा त्योभन्दा बढी सही क्रमहरू मिलाउन सक्दछन् ।<br>विद्यार्थीले तस्बिरहरूका बारेमा कथाहरू भन्छन् र तिनलाई सही क्रममा मिलाएर राख्छन् । | **उदाहरणहरू / व्याख्या गर्नुहोस्ः** |

## △ 9. विद्यार्थीले अक्षर जस्ता आकार वा छापा अक्षर प्रयोग गरेर नाम लेख्छन् ।

***यस सूचकको लागि ELL/DLL विद्यार्थीलाई उनीहरूको अङ्ग्रेजी प्रवीणतामा स्कोर गर्नुपर्छ ।

विद्यार्थीको लागि लक्ष्य के हो भने उनले आफ्नो नाम आफैं लेख्न सकून् ।

a. विद्यार्थीलाई कागजको टुक्रामा आफ्नै नाम लेख्न प्रोत्साहित गर्नुहोस् ।

b. विद्यार्थीले आफ्नै लेखन सामग्री (मार्कर, सिसाकलम आदि) छान्न दिनुहोस् र विद्यार्थीलाई लेख्दै गर्दा हिज्जे गर्न प्रोत्साहित गर्नुहोस् ।

c. यदि आवश्यक परेमा, तपाईंले पहिले नै सिर्जना गरिएका चित्रकला (बच्चाको नाम सहित) प्रयोग गर्न सक्नुहुन्छ र विद्यार्थीलाई उनले के लेखेको/चित्र कोरेको देखाउन र भन्न लगाउनुहोस् ।

| **प्राप्ताङ्क** | ☐ **अझै सक्दैनन्**<br>अक्षर आकारका खण्डहरू लेख्दछन् (उदाहरणको लागि, रेखा, वक्र रेखा)। | ☐ **प्रगति उन्मुख छ**<br>अक्षर वा अक्षर जस्ता आकार लेख्छन् । | ☐ **सक्छन्**<br>आफ्नो नाम र/वा सरल शब्दहरू पुन: लेख्छन्, धेरै अक्षरहरू सही लेखेर । | ☐ **लागू नहुने**<br>कौशल तह निर्धारण गर्न नसकिने । |
|---|---|---|---|---|
| **टिपोटहरू** | **उदाहरणहरू**<br>विद्यार्थीले रेखा, गोलाकार, बाङ्गोटिङ्गो रेखा, वा पङ्क्तिहरूमा कोर्छन् । | **उदाहरणहरू**<br>विद्यार्थीले अक्षरहरू ट्रेस गर्दछन् ।<br>  | **उदाहरणहरू**<br> | **उदाहरणहरू / व्याख्या गर्नुहोस्ः** |

## ✧ 10. विद्यार्थीले दुई चरणीय निर्देशनहरू दिँदा पालना गर्छन् ।

*** ELL/DLL विद्यार्थीले व्यवहारजन्य संकेतकहरू उनीहरूले बोल्ने मुख्य भाषामा वा गैर-भाषिक रणनीति मार्फत देखाउन सक्छन् ।

*** यस सूचकलाई संलग्न सामग्री K द्वारा समर्थित छः अनुक्रमः बहु-चरणीय निर्देशनहरू ।

यसको लक्ष्य विद्यार्थीले दुई-चरणीय कार्य सहितको प्रश्नमा स्वतन्त्र रूपमा प्रतिक्रिया दिऊन् भन्ने हो ।

a. विद्यार्थीलाई एक-चरण वा आदेश पूरा गर्न वा अनुक्रममा अर्को चरण प्रारम्भ गर्न संकेत गर्नुहोस् र सकारात्मक सुदृढीकरण प्रदान गर्नुहोस् ।

b. बच्चाले प्रत्येक चरणमा निपुण नभएसम्म उनलाई दोहोऱ्याउने अवसर दिनुहोस् ।

c. विशेष उदाहरणका लागि संलग्न सामग्री K को प्रयोग गर्नुहोस् ।
d. विद्यार्थीलाई प्रतिक्रिया दिन केही समय दिनुहोस् ।

| प्राप्ताङ्क | ☐ **अझै सक्दैनन्** सम्झाएपछि एक वा दुई-चरणीय निर्देशनहरू पालना गर्छन् । | ☐ **प्रगति उन्मुख छ** एक वा दुई-चरणीय निर्देशनहरू पालना गर्छन् । | ☐ **सक्छन्** सरल अभिव्यक्तिहरूमा प्रतिक्रिया व्यक्त गर्दछन् र आशय बुझेको देखिन्छ । | ☐ **लागू नहुने** कौशल तह निर्धारण गर्न नसकिने |
|---|---|---|---|---|

| **टिपोटहरू** | **उदाहरणहरू** | **उदाहरणहरू** | **उदाहरणहरू** | **उदाहरणहरू / व्याख्या गर्नुहोस्ः** |
|---|---|---|---|---|
| | विद्यार्थी आफ्नो हात धुन सिङ्कमा जान्छन्, तर सही विधि अपनाउन उनलाई मद्दत चाहिन्छ (साबुन लगाउने, पानीले पखाल्ने, आदि ।) | विद्यार्थीलाई फोहर फाल्न भन्दा फोहर क्यानमा फाल्छन् ।<br>विद्यार्थीले उनको मनपर्ने खेल के हो भनेर सोध्दा उनले फुटबललाई औंल्याउँछन् । | विद्यार्थीले सामान्य कथन (दुई-चरणीय निर्देशनहरू लगायत) र प्रश्नहरू उचित प्रतिक्रिया दिन्छन् ।<br>शिक्षकले निर्देशन दिए अनुसार विद्यार्थीले गम लिएर उनको प्वाँख कागजमा टाँस्छन् ।<br>उनको साथीले बालुवाको खाल्डोमा एक दुलो खन्न केही चाहियो भन्दा विद्यार्थीले आफ्ना उनलाई एक सावेल ल्याएर दिन्छन् । | |

## 11. विद्यार्थीले उनका अनुभव बताउन भन्दा बताउँछन् । व्यक्तिगत सोचाइ, भावना र विचारका बारेमा कुरा गर्दछन् ।

*** ELL/DLL विद्यार्थीले व्यवहारजन्य संकेतकहरू उनीहरूले बोल्ने मुख्य भाषामा वा गैर-भाषिक रणनीति मार्फत देखाउन सक्छन् ।

*** यस सूचकलाई संलग्न सामग्री L द्वारा समर्थित छः प्रश्नहरू सहित रङ कार्डहरू ।

यसको लक्ष्य विद्यार्थीले अधिकांश दर्शकहरूलाई बुझ्ने गरी धेरै पूर्ण वाक्यहरूमा बोल्दै प्रश्न वा उनको अनुभवमा उनको अनुभव प्रति प्रतिक्रिया दिऊन् भन्ने हो ।

a. रङ्गिन पत्तीको खात प्रयोग गर्नुहोस् र विद्यार्थीलाई एउटा लिन लगाउनुहोस् ।
b. विद्यार्थीको छनौटको आधारमा, तपाईंले उनलाई चार्टबाट प्रश्नहरू सोध्नुहुनेछ ।
c. यदि विद्यार्थीले प्रतिक्रिया दिएनन् र अत्यन्तै लाज मानेमा, उदाहरण दिएर अगुवाइ गर्ने प्रयास गर्नुहोस् र विद्यार्थीलाई तपाईंको जवाफ दिनुहोस् । उही प्रश्नमा तपाईंको उत्तर के हुने थियो होला ?
d. यदि विद्यार्थीले तस्बिरहरू सहित जवाफ दिन धेरै लामो समय (3 मिनेट भन्दा बढी) लगाए भने विद्यार्थीको वरिपरि वातावरणको उदाहरण दिने प्रयास गर्नुहोस् । विद्यार्थीले देख्न सकिने वस्तुहरूको बारेमा कुरा गर्नेछन् ?

| प्राप्ताङ्क | ☐ **अझै सक्दैनन्** सरल वाक्यहरू बोल्छन्/संकेत गर्छन् | ☐ **प्रगति उन्मुख छ** बच्चाको बोलीको प्याटर्नदेखि परिचित हुनेहरूले | ☐ **सक्छन्** अधिकांश दर्शकहरूले बुझ्न सकिने वर्णनात्मक | ☐ **लागू नहुने** कौशल तह निर्धारण |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | (1-2 शब्दहरू)। | बुझ्ने गरी सरल वाक्यहरू बोल्छन्/संकेत गर्छन् (2-3 शब्दहरू)। | वाक्यहरू (3 - 4 शब्दहरू / 2 - 3 वाक्यहरू) बोल्छन्/संकेत गर्छन् । | गर्न नसकिने |
| **टिपोटहरू** | **उदाहरणहरू**<br>विद्यार्थीले प्रश्नहरूको जवाफ दिँदैनन् ।<br>विद्यार्थीले जवाफ दिनको लागि 3 मिनेट समय लगाउँछन् ।<br>विद्यार्थीले हो वा होइन भनेर जवाफ दिन्छन् । | **उदाहरणहरू**<br>विद्यार्थीले छोटो वाक्यहरू सहित प्रतिक्रिया र जवाफ दिन्छन् ।<br>शौचालय प्रयोग गर्नुपर्‍यो भने विद्यार्थीले "मलाई शौचालय जानुपर्‍यो" भन्छन् ।<br>विद्यार्थी भन्छन्, "म यो गर्छु ।" | **उदाहरणहरू**<br>विद्यार्थीले धेरै वाक्यहरू सहित जवाफ दिन्छन् ।<br>विद्यार्थीले आफ्नो मन पर्ने खाना र त्यो कसले सबभन्दा राम्रो बनाउँछ भन्ने बताए ।<br>विद्यार्थीलाई आफ्नो मनपर्ने पेयको  बारेमा बताउँछन् र केही पाउन सकिन्छ कि भनेर सोध्छन् । | **उदाहरणहरू / व्याख्या गर्नुहोस्ः** |

## △ ☆ 12. विद्यार्थीले पूर्ण वाक्यमा बोल्छन् ।

***यस सूचकको लागि ELL/DLL विद्यार्थीलाई उनीहरूको अङ्ग्रेजी प्रवीणतामा स्कोर गर्नुपर्छ ।

*** यस सूचकलाई संलग्न सामग्री L द्वारा समर्थित छः प्रश्नहरू सहित रङ कार्डहरू ।

यसको लक्ष्य विद्यार्थीले थोरै मात्र त्रुटी गरेर अङ्ग्रेजी पूर्ण वाक्यहरू बोलून् भन्ने हो ।

a. #11 मा जस्तै उही अभ्यास गर्नुहोस् । अङ्ग्रेजी मात्र बोल्नुहोस् र विद्यार्थीले अङ्ग्रेजी बोल्छन् कि बोल्दैनन् भनेर हेर्नुहोस् ।
b. यदि विद्यार्थीले पहिले (यो अभ्यास) अङ्ग्रेजी बोलेका छन् भने तपाईंले आफ्नो सुझावको आधारमा यो सूचकमा स्कोर दिन सक्नुहुनेछ । तथापि, अभ्यास नगरी तपाईंले ठ्याक्कै उही वाक्य (हरू) 2 अन्तर्गत प्रदान गर्नुपर्नेछ । प्रमाण रेकर्ड गर्नुहोस् ।

| **प्राप्ताङ्क** | ☐ **अझै सक्दैनन्** | ☐ **प्रगति उन्मुख छ** | ☐ **सक्छन्** | ☐ **लागू नहुने** |
|---|---|---|---|---|
| | अङ्ग्रेजीमा कुराकानी गर्दैनन् । | एकल शब्दहरू सम्झिएका छोटा वाक्यांशहरू वा अपूर्ण वाक्यहरू सहित अङ्ग्रेजीमा कुराकानी गर्दछन् । | सीमित व्याकरणत्मक त्रुटिहरू सहित विभिन्न विषयहरू र अवधारणाहरूको बारेमा पूर्ण वाक्य सहित अङ्ग्रेजीमा कुराकानी गर्दछन् । | कौशल तह निर्धारण गर्न नसकिने |
| **टिपोटहरू** | **उदाहरणहरू**<br>विद्यार्थीले अङ्ग्रेजी भाषा बुझ्दैनन् ।<br>विद्यार्थीले अङ्ग्रेजी भाषा बोल्दैनन् | **उदाहरणहरू**<br>विद्यार्थीले वयस्कलाई बाहिर एक चरा देखाउन खोज्छन् । चरालाई औँल्याउँदै "हेर्नुस् त" भनेर चिच्याउँछन् । | **उदाहरणहरू**<br>विद्यार्थी भन्छन्ः "यो सप्ताहान्तमा म सिनेमा हेर्न जान्छु ।"<br>विद्यार्थीहरूले उपहार पाएपछि जवाफ दिन्छन्: | **उदाहरणहरू / व्याख्या गर्नुहोस्ः** |

| | | | | |
|---|---|---|---|---|
| | । | विद्यार्थीले आफ्नो कागजमा हेरेर यसो भन्दै मार्कर माग्छन्: "लेख्ने, म लेख्छु, म लेख्छु" । | "यो उपहारको लागि धन्यवाद, मि. दीमासो ।" | |

### 13. विद्यार्थीले 20 सम्म घोकेर गन्ती गर्छन् ।

*** ELL/DLL विद्यार्थीले व्यवहारजन्य संकेतकहरू उनीहरूले बोल्ने मुख्य भाषामा वा गैर-भाषिक रणनीति मार्फत देखाउन सक्छन् ।

यसको लक्ष्य विद्यार्थीले क्रम नछुटाई 1 देखि 20 सम्म गन्ती गर्न सकून् भन्ने हो ।

a. विद्यार्थीलाई उनले कतिसम्म गन्ती गर्न सक्छन् भनेर सोध्नुहोस् ।
b. 1, 2, 3, गर्दै विद्यार्थीसँग (3 सम्म) गन्ती गर्न सुरु गर्नुहोस्, र विद्यार्थीलाई उनले सकेजति गन्ती गर्दै जान दिनुहोस् ।
c. अपरिपक्वता वा बोलीमा आउने बाधकहरूको कारण अशुद्ध उच्चारण गरिएका संख्याहरूलाई पनि गणना गर्न सकिन्छ ।
d. यदि विद्यार्थीले क्रम नछुटाई 20 भन्दा बढी गन्ती गर्न सके भने, तपाईंले सो सूचनालाई टिपोटको रूपमा लेख्न सक्नुहुन्छ ।

| | | | | |
|---|---|---|---|---|
| **प्राप्ताङ्क** | ☐ **अझै सक्दैनन्**<br>10 सम्म गन्ती गर्दछन् । | ☐ **प्रगति उन्मुख छ**<br>20 सम्म गन्ती गर्ने प्रयत्न गर्दछन्, तर संख्याहरू छुटाउन, दोहोर्‍याउन, वा संख्याहरूलाई गलत क्रममा गन्ती गर्न सक्छन् । | ☐ **सक्छन्**<br>20 सम्म गन्ती गर्दछन् । | ☐ **लागू नहुने**<br>कौशल तह निर्धारण गर्न नसकिने |
| **टिपोटहरू** | **उदाहरणहरू**<br>10 सम्म गन्ती गर्दछन् । | **उदाहरणहरू**<br>1, 2, 3, 5, 6, 7, 8, 9, 14, 13, 12, 20 ।<br>20 सम्म गन्ती गर्ने प्रयत्न गर्दछन्, तर संख्याहरू छुटाउन, दोहोर्‍याउन, वा संख्याहरूलाई गलत क्रममा गन्ती गर्न सक्छन् । | **उदाहरणहरू**<br>20 सम्म गन्ती गर्दछन् । | **उदाहरणहरू / व्याख्या गर्नुहोस्ः** |

### 14. विद्यार्थीले कम्तीमा 4 आकारहरू पहिचान गरी वर्णन गर्दछन् ।

*** ELL/DLL विद्यार्थीले व्यवहारजन्य संकेतकहरू उनीहरूले बोल्ने मुख्य भाषामा वा गैर-भाषिक रणनीति मार्फत देखाउन सक्छन् ।

*** यस सूचकलाई संलग्न सामग्री M द्वारा समर्थित छः आकार कार्डहरू - ज्यामितीय आकारहरू ।

यसको लक्ष्य विद्यार्थीले कम्तीमा 4 आकारको नाम र तिनको वर्णन गर्न सकून् भन्ने हो ।

a. विद्यार्थीको अगाडी आकारहरू राख्नुहोस् ।
b. विद्यार्थीलाई उनलाई थाहा भएका कुनै पनि आकारहरू पहिचान गर्न भन्नुहोस् ।
c. यदि विद्यार्थी हिच्किचाए भने (1 मिनेट पर्खन्छन् वा अरू केही गर्ने कोसिस गर्दछन्), उनलाई गोलाकार देख्छन् कि भनेर सोधी सहयोग गर्नुहोस् । यदि विद्यार्थीले सही आकार औँल्याए भने, अगाडी बढ्नुहोस् ।
d. अपरिपक्वता वा बोलीमा आउने बाधकहरूको कारण अशुद्ध उच्चारण गरिएका आकारहरूलाई पनि गणना गर्न सकिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| **प्राप्ताङ्क** | ☐ **अझै सक्दैनन्** | ☐ **प्रगति उन्मुख छ** | ☐ **सक्छन्** | ☐ **लागू नहुने** |

| | | | | |
|---|---|---|---|---|
| | आकारहरू औँल्याएर तिनको पहिचान गर्दछन् । | नाम सहित 4 आकारहरू पहिचान गर्दछन् । | 4 आकारहरूको नाम बताउँछन् र तिनको वर्णन गर्न सक्दछन् । | कौशल तह निर्धारण गर्न नसकिने |
| **टिपोटहरू** | **उदाहरणहरू**<br>विद्यार्थीले 4 भन्दा थोरै आकार पहिचान गर्दछन् । | **उदाहरणहरू**<br>विद्यार्थीले 5 वटा आकारहरूको नाम बताउँछन्, जसमध्ये 4 वटा सही छन् ।<br>विद्यार्थीले अण्डाकार, हीरा, गोलाकार र आयतहरूलाई *आयतहरूलाई* औँल्याउँदै तिनको नाम बताउँछन् । | **उदाहरणहरू**<br>विद्यार्थी आकारमा औँल्याउँदै त्यो त्रिकोण, गोलाकार, अर्धचन्द्राकार, र वर्गाकार हो भनेर बताउँछन् । गोलाकार गोलो छ, त्रिकोण धारिलो छ, अर्धचन्द्राकार हरियो छ, र वर्गाकार सबैतिर समान छ । | **उदाहरणहरू / व्याख्या गर्नुहोस्ः** |

## 15. विद्यार्थीले दैनिक प्रयोगमा आउने पाँच वटा वस्तुहरूको तुलनात्मक स्थान व्याख्या गर्छन् ।

*** ELL/DLL विद्यार्थीले व्यवहारजन्य संकेतकहरू उनीहरूले बोल्ने मुख्य भाषामा वा गैर-भाषिक रणनीति मार्फत देखाउन सक्छन् ।

*** यस सूचकलाई संलग्न सामग्री N द्वारा समर्थित छः स्थान र चाल सम्बन्धी पूर्वसर्ग (पृष्ठ 69)।

यसको लक्ष्य विद्यार्थीले पाँच भिन्न-भिन्न स्थानहरूमा रहेका वस्तुहरू कहाँ छन् भनी बताउन सकून् भन्ने हो ।

a. स्थान जनाउने शब्दावली कार्डहरू प्रयोग गर्नुहोस् ।
b. कोठामा रहेका वस्तु प्रयोग गर्नुहोस् र कार्डबाट अवस्थालाई पुनः प्रदर्शन गर्नुहोस् ।
c. विद्यार्थीलाई पहल लिन दिने प्रयास गर्नुहोस् र उनलाई वस्तुको स्थान वर्णन गर्न भाषा प्रयोग गर्न दिनुहोस् ।
d. यदि विद्यार्थी बोलेनन् / प्रतिक्रिया दिएनन् भने, विद्यार्थीलाई स्थान जनाउने शब्दहरू प्रयोग गर्ने निर्देशनहरू पालना गर्न लगाउनुहोस् । वा सुरक्षित र उपलब्ध वस्तु सहित । विद्यार्थीलाई कुनै वस्तु कुर्सीमा, कुर्सीको पछाडी, कुर्सी मुनि, कुर्सीसँगै र कुर्सीको अगाडी राख्न लगाउनुहोस् ।

| **प्राप्ताङ्क** | ☐ **अझै सक्दैनन्** | ☐ **प्रगति उन्मुख छ** | ☐ **सक्छन्** | ☐ **लागू नहुने** |
|---|---|---|---|---|
| | स्थान जनाउने शब्दहरू प्रयोग गरिएका निर्देशनहरू पालना गर्छन् । | चार वा कम वस्तुहरूको स्थान वर्णन गर्न (स्थान वा क्रम) उपयुक्त शब्दावली प्रयोग गर्दछन् । | पाँच वा सोभन्दा बढी वस्तुहरूको स्थान वर्णन गर्न (स्थान वा क्रम) उपयुक्त शब्दावली प्रयोग गर्दछन् । | कौशल तह निर्धारण गर्न नसकिने |
| **टिपोटहरू** | **उदाहरणहरू**<br>विद्यार्थीलाई कुर्सीमा वस्तु राख्न भन्दा राख्छन् ।<br>विद्यार्थीलाई किचेन टेबलमा बस्न निर्देशन दिँदा बस्छन् । | **उदाहरणहरू**<br>विद्यार्थी पहिले जान अनुमति माग्छन् ।<br>विद्यार्थीले आकाशमा हवाइजहाज देख्छन् । विद्यार्थी भन्छन् "माथि"। | **उदाहरणहरू**<br>विद्यार्थीले कार्डमा बल कहाँ छ, र त्यो कसरी थाहा पाउँछन् भनेर व्याख्या गर्दछन् । | **उदाहरणहरू / व्याख्या गर्नुहोस्ः** |

## 16. विद्यार्थीले एक विशेषता प्रयोग गरेर कम्तीमा 5 वस्तुहरू क्रमवद्ध गरी तुलना गर्दछन् ।

*** ELL/DLL विद्यार्थीले व्यवहारजन्य संकेतकहरू उनीहरूले बोल्ने मुख्य भाषामा वा गैर-भाषिक रणनीति मार्फत देखाउन सक्छन् ।

*** यस सूचकलाई संलग्न सामग्री O द्वारा समर्थित छः एक विशेषताको आधारमा वस्तुहरू वर्गीकरण गर्ने ।

यसको लक्ष्य विद्यार्थीले कसरी र किन क्रमबद्ध गर्दैछन् भन्ने व्याख्या गर्ने हो ।

a. यदि सम्भव भएमा, विद्यार्थीलाई खेलौना खेलिरहेको अवलोकन गर्ने प्रयास गर्नुहोस् ।
b. वा आफू वरपरका वस्तुहरू लिएर विद्यार्थीसँग खेल्ने प्रयास गर्नुहोस् । सिसाकलम, मार्कर, कागज, जुत्ता, कुर्सी, कप आदि ।
c. विद्यार्थीले उनले विभिन्न वस्तुहरूलाई किन यी जस्ता विशेषताहरू प्रयोग गरेर (प्राविधिक शब्दावली) क्रमबद्ध वा तुलना गर्दै छन् भनेर वर्णन गर्न सक्नुपर्छ; रङ, साइज, वजन, उद्देश्य, आकार, जीव वा निर्जीव, खान योग्य वा अखाद्य, आदि ।
d. यदि तपाईंले विद्यार्थीको अवलोकन गर्न वा विद्यार्थीसँग खेल्न सक्नुभएन भने, तपाईं पूर्व-मुद्रित वर्कसिटहरू प्रयोग गर्न सक्नुहुन्छ - संलग्न सामग्री O । यदि यी वर्कसिटहरू प्रयोग गरियो भने तपाईंले विद्यार्थीलाई "प्रगति उन्मुख" संकेत जनाउनुपर्छ ।

| | | | | |
|---|---|---|---|---|
| **प्राप्ताङ्क** | ☐ **अझै सक्दैनन्**<br>मापन अनुभवहरूमा संलग्न हुन्छन् तर तिनको तर्क बुझाउन शब्दहरू प्रयोग गर्दैनन् । | ☐ **प्रगति उन्मुख छ**<br>मापनयोग्य गुणहरूको बुझाइ दर्शाउन शब्दहरू प्रयोग गर्दछन् । | ☐ **सक्छन्**<br>एक विशेषता प्रयोग गरेर 5 वटासम्म वस्तुहरू वर्गीकरण गर्छन् र परिणामहरू वर्णन गर्छन् । | ☐ **लागू नहुने**<br>कौशल तह निर्धारण गर्न नसकिने । |
| **टिपोटहरू** | **उदाहरणहरू**<br>विद्यार्थी जनावर र मानिसहरूसँग खेल्दैछन् । विद्यार्थीले सबै जनावरहरूलाई टेबलको एक छेउमा राख्दछन् । | **उदाहरणहरू**<br>विद्यार्थीले ट्रकसँग कारलाई तुलना गर्दछन् । कार सानो छ, ट्रक ठूलो छ ।<br>विद्यार्थीले एक जनावरलाई एक बिरुवासँग वर्गीकरण गर्दछन् । जनावरले बिरुवा खान्छ ।<br>पूर्व मुद्रित वर्कसिट प्रयोग गरेर प्राविधिक शब्दावली सहित वस्तुका मापनयोग्य विशेषताहरूको वर्णन गर्नुहोस् । | **उदाहरणहरू**<br>म्यानिपुलेटिभहरूको प्रयोग गरी केही प्राविधिक भाषा प्रयोग गरेर वस्तुका विशेषताहरूको तुलना गर्नुहोस् (उदाहरणको लागि, यो सिसाकलम लामो छ । त्यो चाहिँ छोटो छ ।) | **उदाहरणहरू / व्याख्या गर्नुहोस्ः** |

## 17. विद्यार्थीले विषय, विचार र कार्यहरूको बढ्दो दायरामा चासो देखाउँछन् ।

*** ELL/DLL विद्यार्थीले व्यवहारजन्य संकेतकहरू उनीहरूले बोल्ने मुख्य भाषामा वा गैर-भाषिक रणनीति मार्फत देखाउन सक्छन् ।

*** यो सूचकमा परिवारले जानकारी प्रदान गर्न सक्छन् ।

यसको लक्ष्य विद्यार्थीले नयाँ विषय सिक्न र आफ्नो ज्ञान विस्तार गर्न उत्सुकता र तत्परता देखाऊन् भन्ने हो ।

a. विद्यार्थीले स्पर्श गरेर अवलोकन गरेर अनि प्रश्नहरू सोधेर नयाँ वस्तुहरू पत्ता लगाएर सिक्नको लागि पहलकदमी लिनु र चासो देखाउनुपर्छ । विद्यार्थी उत्सुक छन् कि छैनन् भन्ने परिवारलाई थाहा हुनेछ र यस सूचकमा परिवारले जानकारी प्रदान गर्न सक्छन् ।
b. विद्यार्थी उत्सुक छन् या छैनन् भन्ने थाहा पाउने अर्को तरिका भनेको नयाँ कुरामा ल्याउने हुन्छ । नयाँ वस्तु वा नयाँ ''खजाना'' र विद्यार्थी थप कुरा सिक्न सक्रिय रूपमा तल्लिन छन् कि छैनन् भनेर हेर्नुहोस् ।
c. प्रयोगात्मक क्रियाकलापहरू गर्नुहोस्ः
    a. एक सावेल ल्याउनुहोस् - माटो खन्न र आफ्नै बिरुवा रोप्न
    b. एक पाक विधि ल्याउनुहोस् - आइस पप्सिकल वा हलुवा बनाउन



| |
|---|
| c. बरफमा जमाइएको कुनै चिज ल्याउनुहोस् (फूल, पातहरू आदि) - विद्यार्थीले कसरी बरफलाई पगाल्ने तरिका पत्ता लगाउन । |

| प्राप्ताङ्क | ☐ अझै सक्दैनन् | ☐ प्रगति उन्मुख छ | ☐ सक्छन् | ☐ लागू नहुने |
|---|---|---|---|---|
| | आफ्नो वरपरको वातावरणमा रुचि देखाउँछन् । | निश्चित विषय, वस्तु वा अनुभवमा रुचि देखाउँछन् । | अरूलाई हेरेर, सामग्रीहरू चलाएर, वा प्रश्नहरू सोधेर नयाँ अनुभवहरूमा रुचि देखाउँछन् । | कौशल तह निर्धारण गर्न नसकिने । |
| **टिपोटहरू** | **उदाहरणहरू**<br>विद्यार्थीले स्पर्शद्वारा वस्तुहरूको अन्वेषण गर्छन् । | **उदाहरणहरू**<br>विद्यार्थीले अरूमा चासो देखाउँछन् र उनीहरूका काम र कार्यहरूका बारेमा अरूसँग अन्तरक्रिया गर्दछन् । | **उदाहरणहरू**<br>विद्यार्थीले केही कुरा बुझ्न प्रश्न सोध्छन् । विद्यार्थी सोध्छन्: "यसले के गर्छ ?" | **उदाहरणहरू / व्याख्या गर्नुहोस्ः** |

## 18. विद्यार्थी विस्तारित अवधिको कुनै क्रियाकलापमा भाग लिन्छन् ।

*** ELL/DLL विद्यार्थीले व्यवहारजन्य संकेतकहरू उनीहरूले बोल्ने मुख्य भाषामा वा गैर-भाषिक रणनीति मार्फत देखाउन सक्छन् ।

*** यो सूचकमा परिवारले जानकारी प्रदान गर्न सक्छन् ।

यसको लक्ष्य विद्यार्थीले 15 मिनेटभन्दा बढी समयसम्म कुनै क्रियाकलापमा संलग्न हुन् भन्ने हो ।

a. तपाईंले आमाबाबुलाई उनीहरूको राय माग्न र एक उदाहरण लेख्न सक्नुहुन्छ ।
b. विद्यार्थी आफैँले चयन गरेको, आफूले चयन नगरेको क्रियाकलाप, वा पहिले चुनौतीपूर्ण रहेको कुनै क्रियाकलापमा संलग्न हुन्छन् ।
c. विद्यार्थी विचलित नभईकन, रुचि नगुमाई, अनि वयस्कको प्रोत्साहन बिना विस्तारित अवधिको लागि संलग्न हुनु पर्छ ।
d. स्क्रिन - समय: टिभी हेरेको वा कम्प्यूटर गेम खेलेको गणना हुँदैन ।
e. 15 मिनेटभन्दा बढी समयलाई विस्तारित अवधि मानिन्छ ।

| प्राप्ताङ्क | ☐ अझै सक्दैनन् | ☐ प्रगति उन्मुख छ | ☐ सक्छन् | ☐ लागू नहुने |
|---|---|---|---|---|
| | कुनै गतिविधिमा संलग्न हुन्छन् तर ध्यान भङ्ग हुन्छ | कुनै गतिविधिमा संलग्न हुन्छन् तर वयस्कको प्रोत्साहन बिना अरू कुरामा अल्मलिन्छन् वा चासो दिँदैनन् । | ध्यान भङ्ग गर्ने वातावरण वा कार्य चुनौतीपूर्ण भएपनि<br>सो क्रियाकलापमा लागि पर्छन् । | कौशल तह निर्धारण गर्न नसकिने । |
| **टिपोटहरू** | **उदाहरणहरू**<br>विद्यार्थी रेलहरू खेलिरहेका छन्, 5 मिनेटपछि उनी बाहिर जान चाहन्छन् । | **उदाहरणहरू**<br>विद्यार्थीले परिवारका एक सदस्यका लागि रेखाचित्र बनाउँदै छन्, 10 मिनेट पछि उनले यस्तो घोषणा गर्छन्: "मैले सकेँ" । वयस्कले विद्यार्थीलाई अरू रङहरू थप्न प्रोत्साहन दिन्छन् । | **उदाहरणहरू**<br>विद्यार्थीले मोडेलिङ क्लेबाट डुङ्गा बनाउँदैछन्; डुङ्गा बारम्बार डुबिरहेको छ । विद्यार्थीले हरेस खाएका छैनन्, अरू विद्यार्थीहरूले बनाएको डुङ्गा तैरिसकेको भए पनि । | **उदाहरणहरू / व्याख्या गर्नुहोस्ः** |

| **19. विद्यार्थीले नयाँ अवधारणाहरू प्रतिनिधित्व गर्न सामग्री तथा वस्तुहरू प्रयोग गर्दछन् ।**<br>*** ELL/DLL विद्यार्थीले व्यवहारजन्य संकेतकहरू उनीहरूले बोल्ने मुख्य भाषामा वा गैर-भाषिक रणनीति मार्फत देखाउन सक्छन् ।<br>*** यो सूचकमा परिवारले जानकारी प्रदान गर्न सक्छन् । | | | | |
|---|---|---|---|---|
| यसको लक्ष्य विद्यार्थीले उनीहरूको कल्पना र सिर्जनशीलता उपयोग गरून् भन्ने हो ।<br>a. विद्यार्थीले उनीहरू विभिन्न वस्तुहरूसँग खेल्न सक्छन् र खेलमा उनीहरू रचनात्मक छन् भनेर देखाउनुपर्छ ।<br>b. प्रयोग गरिएको वस्तु उनीहरूले खेलिरहेका जस्ता उही (प्रकार्य) हुन सक्दैन ।<br>c. बहाना खेलले एक नयाँ अवधारणा प्रतिनिधित्व गर्नुपर्छ, भन्नाले उनीहरूको दैनिक जीवनभन्दा बाहिर, काल्पनिक, उनका सांस्कृतिक परंपराहरू भन्दा अलग ।<br>d. के विद्यार्थीमा निर्वाध अनि सिर्जनशील कल्पना छ ? | | | | |
| **प्राप्ताङ्क** | ☐ **अझै सक्दैनन्**<br>खेल्न र बनावटी खेल खेल्न वास्तविक जीवनका वस्तुहरू प्रयोग गर्दछन् । | ☐ **प्रगति उन्मुख छ**<br>पुराना अवधारणाहरू प्रतिनिधित्व गर्न वास्तविक जीवनका वस्तुहरू प्रयोग गर्दछन् । | ☐ **सक्छन्**<br>फरक क्रियाकलाप प्रतिनिधित्व गर्न क्रिया र गति प्रदान गर्दै फरक वस्तुहरू प्रयोग गर्दछन् । | ☐ **लागू नहुने**<br>कौशल तह निर्धारण गर्न नसकिने । |
| **टिपोटहरू** | **उदाहरणहरू**<br>विद्यार्थीले घरबाट उड्न एक खेलौना विमान प्रयोग गर्दछन् । | **उदाहरणहरू**<br>विद्यार्थीले गुडियाको दाँत माझ्न र यसको कपाल कोर्न मार्कर प्रयोग गर्दछन् ।<br>विद्यार्थीले आफ्नै जादूको छडी बनाउन कागजको टुक्रा प्रयोग गर्दछन् । | **उदाहरणहरू**<br>विद्यार्थीले ड्रम सेट बनाउन र नयाँ कन्ट्री ब्यान्डमा बजाएको बहाना गर्न भान्साका भाडाबर्तन प्रयोग गर्दछन् । | **उदाहरणहरू / व्याख्या गर्नुहोस्ः** |
| **20. विद्यार्थीले सहयोग माग्नु वा निराशाको कारण रोक्नु अघि एक भन्दा बढी उपाय अपनाएर कार्य पूरा गर्ने प्रयास गर्दछन् ।**<br>*** ELL/DLL विद्यार्थीले व्यवहारजन्य संकेतकहरू उनीहरूले बोल्ने मुख्य भाषामा वा गैर-भाषिक रणनीति मार्फत देखाउन सक्छन् ।<br>*** यस सूचकलाई संलग्न सामग्री P द्वारा समर्थित छः समस्या समाधान । | | | | |
| विद्यार्थीको लागि लक्ष्य विभिन्न समस्याहरू समाधान गर्नका लागि उनीहरूको विचार / समाधानहरू व्यक्त गर्न सक्षम हुनु हो । | | | | |

a. सामाजिक कथा भन्नुहोस् - विद्यार्थीलाई कथामा प्रस्तुत समस्याका विभिन्न समाधानहरू प्रदान गर्न दिनुहोस् ।
b. बल रूखमा अड्किन्छ - टेनिस बल प्रयोग गर्नुहोस् / फुटबल प्रयोग गर्नुहोस् - हामी त्यो बलमा कसरी पुग्न सक्छौँ जस्तो लाग्छ ?
c. चाबी घरमा नै बिर्सिइयो - बच्चा घरमा कसरी पस्न सक्छ होला जस्तो लाग्छ तपाईंलाई ?
d. दुई बच्चाहरू एउटै ट्रकको लागि लडिरहेका छन् - हामी उनीहरूलाई कसरी रोक्न सक्छौं होला ?
e. बच्चाहरू रुखमा भएको स्याउ चाहन्छन् - बच्चाहरू त्यो स्याउसम्म कसरी पुग्न सक्छन् ?
f. पहेली

| प्राप्ताङ्क | ☐ **अझै सक्दैनन्** समस्या समाधान गर्ने प्रयास गर्दा लचकता प्रदर्शन गर्दैनन् । | ☐ **प्रगति उन्मुख छ** परीक्षण र त्रुटि (ट्रायल एण्ड एरर) प्रयोग गरेर वा वयस्क वा दौँतरीद्वारा प्रयोग गरिएको रणनीति अनुकरण गरेर सरल समस्या समाधान गर्ने प्रयास गर्दछन् । | ☐ **सक्छन्** मद्दत आवश्यक छ भन्ने मानेर एक भन्दा बढी उपाय अपनाएर समस्याहरू समाधान गर्ने प्रयास गर्दछन् । | ☐ **लागू नहुने** कौशल तह निर्धारण गर्न नसकिने । |
|---|---|---|---|---|

| **टिपोटहरू** | **उदाहरणहरू** | **उदाहरणहरू** | **उदाहरणहरू** | **उदाहरणहरू / व्याख्या गर्नुहोस्ः** |
|---|---|---|---|---|
| | विद्यार्थी तस्बिर/कथामा समस्या समाधान गर्न एक रणनीतिमा अडिग रहन्छन् ।<br>विद्यार्थीले धेरै त्रुटि पटक-पटक दोहोऱ्याउँछन् । | विद्यार्थीले पहेली हल गर्न परीक्षण र त्रुटि प्रयोग गर्दछन् ।<br>विद्यार्थीसँग चित्र / कथामा समस्या समाधान गर्नका लागि केही उपायहरू छन्, तथापि सबै उपायहरूले काम गर्दैनन् । | विद्यार्थीले एकसाथ काम पूरा गर्न मद्दत माग्छन् ।<br>विद्यार्थीले तस्बिर/कथामा प्रस्तुत समस्याका लागि विभिन्न समाधानहरू प्रस्तुत गर्दछन् । | |

## 21. विद्यार्थीले शरीरका अङ्गहरू पहिचान गरी कहाँ छ भनेर बताउँछन् ।

*** ELL/DLL विद्यार्थीले व्यवहारजन्य संकेतकहरू उनीहरूले बोल्ने मुख्य भाषामा वा गैर-भाषिक रणनीति मार्फत देखाउन सक्छन् ।

*** यस सूचकलाई संलग्न सामग्री Q द्वारा समर्थित छः शरीरका अङ्गहरू ।

यसको लक्ष्य विद्यार्थीले शरीरका विभिन्न अङ्गहरू औँल्याएर तिनको नाम बताउन सकून् भन्ने हो ।

a. संलग्न सामग्री Q को पहिलो अंश शरीरका अङ्गहरूको स्थान र नामहरू अभ्यास गर्नको लागि हो ।
b. संलग्न सामग्री Q को पहिलो अंशले एक केटा र केटीको रेखाचित्र प्रस्तुत गर्दछ । जसमा विद्यार्थीले शरीरका हरेक अङ्ग औँल्याउन (वा रङ/चिन्ह लगाउन) र नाम बताउन सक्छन् ।

| प्राप्ताङ्क | ☐ **अझै सक्दैनन्** शरीरका केही अङ्गहरू पत्ता लगाउँछन् | ☐ **प्रगति उन्मुख छ** शरीरका केही अङ्गहरू पहिचान गर्दछन् । | ☐ **सक्छन्** शरीरका विभिन्न भागहरू पहिचान गरी कहाँ छन् भनेर | ☐ **लागू नहुने** कौशल तह निर्धारण |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | । | | बताउँछन् । | गर्न नसकिने |
| **टिपोटहरू** | **उदाहरणहरू**<br>विद्यार्थीले सोधिएका शरीरका केही भागहरूलाई औँल्याउन सक्छन् । | **उदाहरणहरू**<br>विद्यार्थीले तपाईंले औँल्याएका शरीरका केही अङ्गहरूको नाम बताउन सक्छन् । | **उदाहरणहरू**<br>विद्यार्थीले कुनै मद्दत बिना शरीरका विभिन्न अङ्गहरू (कम्तीमा 10) पहिचान गरी ती कुन-कुन हुन् भनेर औँल्याउन सक्छन् । | **उदाहरणहरू / व्याख्या गर्नुहोस्ः** |

## 22. विद्यार्थीले सुस्वास्थ्यका लागि आधारभूत अभ्यासलाई पहिचान गरेर देखाउँछन् ।

*** ELL/DLL विद्यार्थीले व्यवहारजन्य संकेतकहरू उनीहरूले बोल्ने मुख्य भाषामा वा गैर-भाषिक रणनीति मार्फत देखाउन सक्छन् ।

*** यो सूचकमा परिवारले जानकारी प्रदान गर्न सक्छन् ।

यसको लक्ष्य विद्यार्थीले सर्वोत्तम स्वास्थ्य अभ्यास र आधारभूत सरसफाइ दिनचर्याहरू पहिचान गरी स्वतन्त्र रूपमा ती अभ्यास गर्न सक्षम हुन् भन्ने हो ।

a. विद्यार्थीले 20 सेकेण्ड हात धुन सक्ने हुनुपर्छ ।
b. विद्यार्थी पूर्ण रूपमा शौचालय जाने बानी छ ।
c. विद्यार्थीले शौचालयको प्रयोगको नियम पालना गर्नुपर्छ - शौचालय जाने - पछि हातहरू धुने ।
d. विद्यार्थीले आफ्नो दाँत  आफैँ माझ्नुपर्छ ।
e. विद्यार्थीले लुगा आफैँ लगाउन सक्दछन् ।
f. विद्यार्थीले दिनमा के लगाउने र रातमा कुन लुगा लगाउने भन्ने बुझ्दछन् ।
g. विद्यार्थीको सुत्ने समयको दैनिक तालिका छ - र अर्को "स्कूल दिन" को लागि पर्याप्त आराम पाउँछन् ।

| | | | | |
|---|---|---|---|---|
| **प्राप्ताङ्क** | ☐ **अझै सक्दैनन्**<br>विद्यार्थीलाई आधारभूत स्वास्थ्य अभ्यासहरूको बारेमा थाहा छैन । | ☐ **प्रगति उन्मुख छ**<br>वयस्कले सम्झाएपछि आधारभूत दिनचर्याहरू अभ्यास गर्छन् । | ☐ **सक्छन्**<br>आधारभूत दिनचर्याहरू आफैँ अभ्यास गर्छन् । | ☐ **लागू नहुने**<br>कौशल तह निर्धारण गर्न नसकिने । |
| **टिपोटहरू** | **उदाहरणहरू**<br>विद्यार्थीलाई आफ्नो दाँत कसरी माझ्ने, वा हात कहिले धुने भन्ने थाहा छैन ।<br>विद्यार्थीको कुनै समयतालिका वा दिनचर्या छैन ।<br>विद्यार्थीले आफैँ लुगा लगाउन सक्दैनन् । | **उदाहरणहरू**<br>विद्यार्थीले आधारभूत नित्यकर्म कसरी गर्ने भनेर जान्दछन्, तथापि ती कार्य गर्नको लागि वयस्कले सम्झाउनुपर्ने हुन्छ ।<br>विद्यार्थीलाई 5 मध्ये 3 दिनचर्याको बारेमा थाहा छ । | **उदाहरणहरू**<br>विद्यार्थीले कम्तीमा 5 आधारभूत दिनचर्याहरू जानेर र आफैँ गर्दछन् । | **उदाहरणहरू / व्याख्या गर्नुहोस्ः** |

## 23. विद्यार्थीले उपयुक्त भाँडाबर्तन प्रयोग गरी आफैँ खाने र पिउने गर्छन् ।

*** ELL/DLL विद्यार्थीले व्यवहारजन्य संकेतकहरू उनीहरूले बोल्ने मुख्य भाषामा वा गैर-भाषिक रणनीति मार्फत देखाउन सक्छन् ।

*** यो सूचकमा परिवारले जानकारी प्रदान गर्न सक्छन् ।

यसको लक्ष्य विद्यार्थीले स्वतन्त्र बन्न र स्कूलमा दिइएका सबै भाँडाबर्तन सही तरिकाले प्रयोग गर्न सकून् भन्ने हो ।

a. के तपाईंका विद्यार्थीले उचित भाँडाबर्तन प्रयोग गरेर खाना खान्छन् ? (काँटा, चम्चा, चक्कु)
b. के तपाईंका विद्यार्थीले उपयुक्त भाँडाबर्तन प्रयोग गरेर नपोखाईकन पेय हाल्न र पिउन सक्छन् ? (कप)
c. के तपाईंका विद्यार्थीले प्लेट, न्याप्किन र सबै भाँडाबर्तन सहित ट्रे लैजान सक्छन् ?

| | | | | |
|---|---|---|---|---|
| **प्राप्ताङ्क** | ☐ **अझै सक्दैनन्**<br>भाँडाबर्तनको बारेमा आधारभूत बुझाइ रहेको देखिन्छ । | ☐ **प्रगति उन्मुख छ**<br>केही पोखाउँदै भाँडाबर्तन प्रयोग गर्दछन् । | ☐ **सक्छन्**<br>नपोखाईकन सबै भाँडाबर्तन उपयुक्त तरिकाले प्रयोग गर्दछन् । | ☐ **लागू नहुने**<br>कौशल तह निर्धारण गर्न नसकिने । |
| **टिपोटहरू** | **उदाहरणहरू**<br>विद्यार्थीलाई प्रत्येक भाँडाबर्तन केको लागि हो भन्ने थाहा छ, तथापि उनी मद्दत बिना प्रयोग गर्न सक्दैनन् । | **उदाहरणहरू**<br>विद्यार्थीले आफ्नै हातले खाना खान र पिउन सक्छन् ।<br>विद्यार्थीले कहिलेकाहीँ खाना वा पेय पोखाउँछन् । | **उदाहरणहरू**<br>विद्यार्थीले आफैँ खाना खान्छन् र पेय पदार्थ पिउँछन् ।<br>विद्यार्थीले सबै बर्तनहरू सही तरिकाले प्रयोग गर्दछन् । | **उदाहरणहरू / व्याख्या गर्नुहोस्ः** |

## 24. विद्यार्थीले उपकरणको प्रयोगसँग ठूला मोटर चाललाई मिलाउँछन् ।

*** ELL/DLL विद्यार्थीले व्यवहारजन्य संकेतकहरू उनीहरूले बोल्ने मुख्य भाषामा वा गैर-भाषिक रणनीति मार्फत देखाउन सक्छन् ।

*** यो सूचकमा परिवारले जानकारी प्रदान गर्न सक्छन् ।

यसको लक्ष्य विद्यार्थीले एकै समयमा सकल मोटर कौशल संयोजन गर्न सकून् भन्ने हो ।

a. यदि तपाईंसँग बल वा डोरी नै छैन भने । कागजको एक टुक्रालाई बेरेर बल आफ्नै बल बनाउनुहोस् ।
b. विद्यार्थीलाई हिँड्दै वा दौडिँदै बल फ्याँक्न लगाउनुहोस् ।
c. विद्यार्थीलाई उफ्रिन लगाउनुहोस् । कागजको एक टुक्रा भुइँमा राख्नुहोस् । विद्यार्थीलाई यसमाथि दुबै खुट्टाले उफ्रिन भन्नुहोस्ः बायाँ देखि दाँया, अगाडीदेखि पछाडी । विद्यार्थीलाई उसै गरी उफ्रिन भन्नुहोस् तर अब खुट्टाहरू फैलाएर । ताकि, दुबै खुट्टा कागजको दुईपट्टि हुन्छन् ।
d. विद्यार्थीलाई सिँढीमा माथि र तल हिंड्न भन्नुहोस् । वा एक-एक सिँढी धेरै पटक ।

| | | | | |
|---|---|---|---|---|
| **प्राप्ताङ्क** | ☐ **अझै सक्दैनन्**<br>बढ्दो समन्वय सहित चालहरू प्रदर्शन गर्दछन् । | ☐ **प्रगति उन्मुख छ**<br>आत्मविश्वास र सहजता सहित आधारभूत चालहरू प्रदर्शन गर्दछन् । | ☐ **सक्छन्**<br>आत्मविश्वास र सहजता सहित विभिन्न जटिल चाल कौशल प्रदर्शन गर्दछन् । | ☐ **लागू नहुने**<br>कौशल तह निर्धारण गर्न नसकिने |
| **टिपोटहरू** | **उदाहरणहरू**<br>विद्यार्थी उफ्रिने प्रयास गर्छन् ।<br>विद्यार्थीले बललाई हान्ने प्रयास गर्दछन् | **उदाहरणहरू**<br>विद्यार्थीले नियन्त्रण सहित चल्ने र रोकिने गर्छन् । | **उदाहरणहरू**<br>विद्यार्थीले दौडेर बललाई हान्छन् ।<br>विद्यार्थीले रेलिङ वा भित्ता नसमाईकन | **उदाहरणहरू / व्याख्या गर्नुहोस्ः** |

| | | | | |
|---|---|---|---|---|
| | । | विद्यार्थीले उफ्रिँदा गन्ती गर्ने प्रयास गर्दछन् ।<br>विद्यार्थीले बललाई हान्छन् वा फ्याँक्छन् । | खुट्टाहरू आलोपालो गर्दै सिँढीहरू माथि उक्लने र तल झर्ने गर्दछन् । | |

## 25. विद्यार्थीले आफैँ जिपर लगाउने/खोल्ने, टाँक लगाउने/फुकाल्ने, बाहिरी लुगाहरू बाँध्ने/खोल्ने गर्छन् ।

*** ELL/DLL विद्यार्थीले व्यवहारजन्य संकेतकहरू उनीहरूले बोल्ने मुख्य भाषामा वा गैर-भाषिक रणनीति मार्फत देखाउन सक्छन् ।

*** यो सूचकमा परिवारले जानकारी प्रदान गर्न सक्छन् ।

यसको लक्ष्य विद्यार्थीले कपडा आफैं लगाउन र फुकाल्न सकून् भन्ने हो ।

a. विद्यार्थीले जिपर माथि र तल सार्न सक्छन् ।
b. विद्यार्थीले सर्ट वा ज्याकेट (कोट) को बटन लगाउन सक्छन् ।
c. विद्यार्थीले सर्ट वा ज्याकेट (कोट) को बटन खोल्न सक्छन् ।
d. विद्यार्थीले वेल्क्रो जुत्ता वा प्यान्ट प्रयोग गर्न सक्दछन् ।
e. विद्यार्थीले उनको जुत्ताको लेस बाँध्न सक्छन् ।
f. विद्यार्थीले उनको ज्याकेट लगाउन र खोल्न सक्छन् ।
g. विद्यार्थीले आफ्नो जुत्ता लगाउन र खोल्न सक्छन् ।
h. विद्यार्थीले आफ्नो मोजा लगाउन र खोल्न सक्छन् ।
i. विद्यार्थीले आफ्नो प्यान्ट लगाउन र खोल्न सक्छन् ।
j. विद्यार्थीले आफ्नो पन्जा लगाउन र खोल्न सक्छन् ।

| | | | | |
|---|---|---|---|---|
| **प्राप्ताङ्क** | ☐ **अझै सक्दैनन्**<br>सुक्ष्म मोटर कौशल प्रदर्शन गर्न सक्दैनन् । | ☐ **प्रगति उन्मुख छ**<br>कुनै वयस्कको सहायता सहित, यी सुक्ष्म मोटर कौशल प्रदर्शन गर्ने प्रयास गर्दछन् । | ☐ **सक्छन्**<br>यी सुक्ष्म मोटर कौशल स्वतन्त्र अभ्यास गर्दछन् । | ☐ **लागू नहुने**<br>कौशल तह निर्धारण गर्न नसकिने |
| **टिपोटहरू** | **उदाहरणहरू**<br>विद्यार्थी निराश हुन्छन् र कपडा लगाउन वा खोल्न मद्दत चाहिन्छ । | **उदाहरणहरू**<br>विद्यार्थीले आफ्नो ज्याकेटको चेन खोल्न सक्छन् र ज्याकेट लगाउन मद्दत माग्छन् । | **उदाहरणहरू**<br>विद्यार्थीले लुगा आफैँ लगाउन र खोल्न सक्दछन् ।<br>के तपाईंको बच्चाले बाहिरी कपडाहरू (कोट, बुट, टोपी, पन्जा) लगाउन सक्छन् (जिपर लगाउने, बटन लगाउने, र बाँध्ने लगायत)? | **उदाहरणहरू / व्याख्या गर्नुहोस्ः** |

## 26. विद्यार्थीले नियन्त्रण र इरादा सहित कैँची प्रयोग गर्दछन् ।

*** ELL/DLL विद्यार्थीले व्यवहारजन्य संकेतकहरू उनीहरूले बोल्ने मुख्य भाषामा वा गैर-भाषिक रणनीति मार्फत देखाउन सक्छन् ।

*** यस सूचकलाई संलग्न सामग्री R द्वारा समर्थित छः कैँची सम्बन्धी कौशल ।

यसको लक्ष्य विद्यार्थीले सही तरिकाले कैँची पक्रन्छन् र बाङ्गोटिङ्गो रेखा र सीधा रेखा काट्न सकून् भन्ने हो ।

a. अभ्यास गर्न वर्कसिटहरू प्रयोग गर्नुहोस् ।
b. विद्यार्थीले रेखाहरू भएका वर्कसिटहरू प्रयोग गर्नेछन् ।
c. शिक्षकले कौशल स्तर निर्धारण गर्न विद्यार्थीले **<u>रेखामा</u>** काट्नुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| **प्राप्ताङ्क** | ☐ **अझै सक्दैनन्**<br>कैँचीमा कुनै नियन्त्रण रहेको देखिँदैन । | ☐ **प्रगति उन्मुख छ**<br>कागज काट्न नियन्त्रण सहित कैँची प्रयोग गर्दछन् । | ☐ **सक्छन्**<br>उपलब्ध गराइएको वर्कसिट काट्न नियन्त्रण र इरादा सहित कैँची प्रयोग गर्दछन् । | ☐ **लागू नहुने**<br>कौशल तह निर्धारण गर्न नसकिने |
| **टिपोटहरू** | **उदाहरणहरू**<br>विद्यार्थीले कैँचीलाई यसरी समाउँछन् कि त्यसले कागज काट्न असम्भव बनाउँछ । विद्यार्थीले कागज काट्न सक्दैनन् । | **उदाहरणहरू**<br>विद्यार्थीले कैँची सही तरिकाले समाउँछन् र केही रेखाहरू काट्न सक्छन् । | **उदाहरणहरू**<br>विद्यार्थी सीधा रेखामा काट्छन्, र बाङ्गोटिङ्गो रेखामा काट्छन् । | **उदाहरणहरू / व्याख्या गर्नुहोस्ः** |

## 27. विद्यार्थीले कार्यात्मक पकड सहित लेख्छन् र चित्र कोर्छन् ।

*** ELL / DLL विद्यार्थीले व्यवहारजन्य संकेतकहरू उनीहरूले बोल्ने मुख्य भाषामा वा गैर-भाषिक रणनीति मार्फत देखाउन सक्छन्

यसको लक्ष्य -विद्यार्थीले कलम राम्ररी पक्रन सक्छन् र नियंत्रित समन्वय रहेको देखाउने हो ।

a. यस सूचकलाई विद्यार्थीले हरेक पटक कलम, मार्कर वा सिसाकलम पक्रिँदा याद गर्नुहोस् ।
b. यदि तपाईं विद्यार्थीको कौशल स्तरको बारेमा अनिश्चित हुनुहुन्छ भने, विद्यार्थीलाई आफ्नो नाम कागजको टुक्रामा फेरि लेख्न भन्नुहोस् ।

| | | | | |
|---|---|---|---|---|
| **प्राप्ताङ्क** | ☐ **अझै सक्दैनन्**<br>सीमित समन्वय सहित एक बलियोसँग समाउँछन् । | ☐ **प्रगति उन्मुख छ**<br>सीमित समन्वय सहित राम्ररी पक्रिन्छन् । | ☐ **सक्छन्**<br>एक कार्यात्मक पकड (पिन्सर ग्रास्प) प्रयोग गर्दछन् र नियन्त्रित समन्वय हुन्छ । | ☐ **लागू नहुने**<br>कौशल तह निर्धारण गर्न नसकिने |
| **टिपोटहरू** | **उदाहरणहरू**<br><br>विद्यार्थीले लेख्ने सामग्री आफ्नो मुट्ठीमा पक्रिन्छन् ।<br>विद्यार्थीले चित्र कोर्न ठूला मोटर कौशल (काँध) प्रयोग गर्दछन् । | **उदाहरणहरू**<br><br>विद्यार्थीले लेख्ने सामग्री आफ्नो हत्केलामा पक्रिन्छन् ।<br>विद्यार्थीले चित्र कोर्न कुहिनो बाहिरतिर फर्काएर आफ्नो पाखुरा प्रयोग गर्छन् । | **उदाहरणहरू**<br><br>बच्चाले लेख्ने कुरा समाउन आफ्ना पाँच, चार वा तीन औंलाको प्रयोग गर्छन् ।<br>विद्यार्थीले चित्र कोर्न नारीको चाल प्रयोग गर्दछन् ।  | **उदाहरणहरू / व्याख्या गर्नुहोस्ः** |